नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय

## सिक्टा सिचाइ आयोजनाको सम्बन्धमा जानकारी गराइएको बारे

यस मन्त्रालय मातहत संचालित राष्ट्रिय गौरवको सिक्टा सिचाइ आयोजनाको मूल नहरमा देखिएको समस्याको सम्बन्धमा यस मन्त्रालय तथा मातहतका निकायहरुबाट आवश्यक अध्ययन, छानबीन भैरहेको अवस्थामा केही संचार माध्यमहरुमा प्रकाशित समाचारहरुका सम्बन्धमा यस मन्त्रालयको ध्यान आकृष्ट भै यस विषयमा स्पष्ट पार्न यो नोट जारी गरिएको छ। बांके जिल्लाको करिब ४२,००० हेक्टर कृषियोग्य जमीनमा भरपर्दो सिचाइ सेवा पुर्‍याई खाद्य उत्पादनमा महत्वपूर्ण टेवा पुर्‍याउने उद्धेश्यका साथ निर्माणाधिन यस आयोजनाको पश्चिम मूल नहरको अधिकांश कार्य सहित करिब ५५ प्रतिशत पूर्वाधार निर्माणको कार्य सम्पन्न भएको छ। शाखा नहरहरुको निर्माणको क्रममा सिधनिया शाखा नहरको निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको र डुंडुवा शाखा नहरको निर्माण तथा पुनर्स्थापनाको कार्यका साथै पुर्वी मूलनहर निर्माणको कार्य समेत भैरहेको छ। अन्य शाखा नहरहरुको निर्माणको लागि समेत आवश्यक तयारीका कार्यहरु भैरहेका छन्।

राप्ती नदीमा बाँध निर्माणको कार्य सम्पन्न भए संगै मूल नहरको ३५ कि.मि. सम्मको निर्माण पश्चात उक्त खण्डको परीक्षणको क्रममा पानी संचालन गर्दा केही स्थानमा नहरमा क्षति भएको पाइएको छ। यस संम्बन्धमा मन्त्रालय तहबाट समेत निरीक्षण गरी निर्माण व्यवसायीबाट आयोजनालाई हस्तान्तरण भै नसकेको सन्दर्भमा देखापरेका समस्या समाधानको लागि ठेक्का संझौता अनुसार निर्माण व्यवसायीको दायित्व अन्तर्गत गर्नु पर्ने आवश्यक सुधारका कार्य निजबाट गर्न गराउन निर्देशन दिइ सकिएको छ। यस प्रकृतिको समस्या हुन सक्ने संवेदनशील तथा समस्याग्रस्त संभावित स्थानहरुको भौगर्भिक अवस्था तथा माटोको सम्बन्धमा समेत विशेषज्ञ सहितको संलग्नतामा सुक्ष्म प्राविधिक अध्ययन अनुसन्धान गरी आवश्यक सुधारका कार्य गर्न गराउन समेत विभाग तथा आयोजनालाई निर्देशन दिइएको छ।

राष्ट्रिय रुपमै महत्वपूर्ण यस आयोजनाको निर्माण कार्य लक्षित समय भित्रै सफलता पूर्वक सम्पन्न गरी लक्षित उद्धेश्य हासिल गर्ने कुरामा मन्त्रालय दृढ रही आवश्यक पहल गरिरहेको व्यहोरा समेत सम्बन्धित सरोकारवाला निकाय, उपभोक्ता, नागरिक समाज एवं संचार माध्यमहरुलाई जानकारी गराउँदछौं।

२/६
२०६५/४/१८

दिनेश कुमार घिमिरे

सहसचिव (प्रवक्ता)